रास्कोट नगरपा लका, का लकोट

कर्णाली प्रदेश

२०७९

रास्कोट नगरसभामा मति २०७९ आषाढ ०९ गते

उपप्रममुख श्री मनिराज बरालले

प्रस्तुत गर्नुभएको

आ र्थक बर्ष २०७९।०८० को

बजेट बक्तब्य

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु,

रास्कोट नगरपालिकाको सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७९।०८० को बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । राजनीतिक परिवर्तनका लागि  अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति  हार्दिक सम्मान गर्दै श्रद्धान्जली व्याक्त गर्द्छु । राष्ट्रियता , स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय र समृद्धिको मार्गचित्र कोर्न संघर्ष गर्ने महान नेपाली नागरिक र सबल नेतृत्व गर्नुहुने शिखर व्यक्ति प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

लामो समयको नेपाली जनताको संघर्षबाट जनताको चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको छ । लोकतान्त्रिक व्यवस्था र प्रणालीको बलियो जग राख्न हाम्रो भूमिका महत्वपूर्ण रहेको छ । समृद्ध नेपालः सुखी नेपाली हाम्रो राष्टिय अभियानलाई सार्थकता दिंदै रास्कोट नगरपालिकालाई समृद्ध बनाउने हाम्रो अभियानलाई सार्थक बनाउन हामी निरन्तर प्रयत्नरत छौं । यस अभियानमा सम्पूर्ण महानुभावहरुको रचनात्मक र सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

संघीय नेपालको संरचना भइसकेपछि तीन तहका सरकार मध्य जनताको घरदैको सरकारको रुपमा स्थानीय सरकारको पहिलो पाँच बर्षको कार्यकाल पूराभई दोश्रो कार्यकालको पुर्वसन्ध्यामा हामी निर्वाचित भएर जनताको सुखः  दुखमा हातेमालो गर्दै विकासको लहरमा समाहित भएकाछौ । रास्कोटको समृद्धिको अभियानमा महत्वपूर्ण  भुमिका निर्वाह गर्नु हुने सम्पुर्ण नगरसभाका सदस्य, आम नागरिक, बुद्धिजिवी, उद्यमी, व्यवसायी, राष्टसेवक प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । रास्कोटको सर्वाङ्गीण विकासका लागि नगरपालिकालाई अग्रगामी पथमा लैजान पथप्रदर्शकको भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण आदरणीय अग्रजहरुको योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

**“स्थिरता,उत्पादनशीलता,रोजगारी बृद्धि,समावेशी विकास,आत्मनिर्भरता र आर्थिक सम्बृद्धि”** लाई मूलमन्त्र मानी संघीय सरकार र कर्णाली प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक लक्ष्य तथा उद्देश्य लाई आत्मासाथ गरी अन्तराष्टिय प्रतिबद्धता बमोजिम दिगोविकास लक्ष्यलाई समेत पुरा गर्न रास्कोटका जनताको अपार तथा उत्साहपुर्ण सहभागीताको  परिणामले नै हामी उत्साहित भएका छौं । यो सरकार रास्कोटवासीको आशा र भरोसाको केन्द्रविन्दु हो । हामी रास्कोटका जनताले पाउने सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, भरपर्दो,गुणस्तरीय र मुस्कान सहितको सेवा प्रदान गर्न हरपल प्रयत्नरत छौं । हाम्रो कामले नागरिकको मुहार उज्यालो पार्ने लक्ष्य रहेको छ । रास्कोटका नागरिकको सर्वोत्तम हित र अग्रगामी प्रगतिका लागि यो सरकार प्रतिवद्ध रहेको व्यहोरा दृढ विश्वास दिलाउन चाहन्छु ।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, संघीय सरकार को आ.व.२०७९।०८० को नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकारको आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन

ऐन, आर्थिक ऐन, विनियोजन विधेयक, आर्थिक विधेयक, कार्यपालिका सदस्य र नगर सभाका सदस्यहरु, विभिन्न राजनैतिक दलका पदाधिकारीहरु, पेशा व्यावसायी, संघ संस्था, बुद्धिजिवि, विषयगत कार्यालयबाट प्राप्त सुझावहरु लाई यथासम्भव मार्गदर्शनको रुपमा लिएको छु।

अध्यक्ष महोदय,

अब म रास्कोट नगरपालिकाको आ.ब. २०७८।०७९ को वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्थाको संक्षिप्त समिक्षा सम्मानीत सभा समक्ष पेश गर्न चाहन्छु।

चालु आ.व.मा हामीलाई संघिय सरकारको समानीकरण अनुदान रु. १० करोड ५८ लाख, संघीय सरकारको समपूरक अनुदान ६२लाख, संघीय सरकार राजश्व बाँडफाँड ६ करोड ३ लाख २५ हजार, संघीय सरकार विशेष अनुदान ४ करोड १६ लाख, संघीय सरकार सशर्त अनुदान १६ करोड ५४ लाख, कर्णाली प्रदेश सरकारको समानीकरण अनुदान १ करोड १३ लाख ८९ हजार, प्रदेश सरकार समपूरक अनुदान १ करोड ३० लाख, प्रदेश सरकारको शसर्त अनुदान १ करोड ४६ लाख,१६ हजार,आन्तरिक श्रोत २ करोड , अन्य ३ करोड, बजेट विनियोजन गरीएको थियो।

अध्यक्ष महोदय,

अव म आगामी आ.व.०७९।०८० को बजेट सिमा उल्लेख गर्ने अनुमति चाहन्छु।

माथिका सबै शिर्षकबाट प्राप्त हुने रकम अनुमान गरी आगामी आर्थिक वर्षको जम्मा बजेट सीमा जम्मा ४९ करोड ३८ लाख ५६ हजार कायम गरेको छु।

हाल हाम्रा सामु धेरै आवश्यकता छन्। सिमित स्रोत साधनको उच्चतम उपयोग गरी हाम्रा प्राथमिकता प्राप्त योजनामा प्रभावकारी उपयोग गर्नु नै हाम्रो कर्तव्य हो।

अध्यक्ष महोदय,

अव म आर्थिक वर्ष ०७८।०७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चहान्छु।

| 1 | स्रोत समूह | स्रोत | जम्मा बजेट सीमा |
|---|---|---|---|
| 1 | **संघीय सरकार** | समानिकरण अनुदान | ११,२८,००,००० |
| 2 | संघीय सरकार | शसर्त अनुदान चालु | १७,२६,००,००० |
| | संघिय सरकार | शसर्त अनुदान पूंजिगत | २,२२,००,००० |
| 3 | संघीय सरकार | विषेश अनुदान पुँजीगत | १,२५,००,००० |

| | | | |
|---|---|---|---|
| **4** | संघीय सरकार | समपुरक अनुदान पुँजीगत | ७०,००,००० |
| **5** | राजस्व बाडफाड | राजस्व बाँडफाँड | ७,३०,७७,००० |
| **6** | **प्रदेश सरकार** | समानिकरण अनुदान | १,१३,८९,००० |
| **7** | प्रदेश सरकार | शसर्त अनुदान चालु | ४९,९०,००० |
| | प्रदेश सरकार | शसर्त अनुदान पूंजिगत | २,०५,००,००० |
| **8** | प्रदेश सरकार | विषेश अनुदान चालु | ५०,००,००० |
| **9** | प्रदेश सरकार | समपुरक अनुदान पुँजीगत | १,००,००,००० |
| **10** | राजस्व बाडफाड | राजस्व बाँडफाँड | ० |
| **11** | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १,००,००,००० |
| **12** | बैदेशिक श्रोत | बैदेशिक श्रोत | **०** |
| **13** | अन्य अनुदान | अन्य अनुदान | **३,१८,००,०००** |
| जम्मा | | | ४९,३८,५६,००० |

**बजेटका उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु**

१.वैदेशिक रोजगारीबाट फर्केकाहरुलाई कृषि उत्पादनमा आधारित कार्यक्रममा आकर्शित गर्ने,

२. प्राविधिक तथा व्यावसायिक गुणस्तरिय शिक्षा प्रदान गर्ने,

३.स्वस्थ तथा प्रभावकारी स्वास्थ्य सेवा घरदैलोमा प्रदान गर्ने,

४.आर्थिक समृद्धि गर्ने,

५. भौतिक पुर्बाधारले सम्पन्न रास्कोट निर्माण गर्ने,

६.जनताको जीवन स्तरलाई उन्नत पार्ने,

७. आत्मनिर्भर उद्यमशिलता विकास गर्ने,

८. बेरोजगारी न्यूनिकरण गर्ने,

९. समाजबाद उन्मुख सामाजिक तथा आर्थिक संरचना तयार गर्ने,

१०.सार्वजनिक सेवा प्रवाहको गुणस्तर वढाउदै सार्वजनिक उत्तरदायित्व सुनिश्चित गरी सुशासन कायम गर्ने।

११.विपद्को रोकथाम तथा नियन्त्रण गर्ने।

**आर्थिक बर्ष ०७९।०८० को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु।**

१. नगर बस सञ्चाल,

२. नगर प्रहरी इकाईको स्थापना,

३. मेयर हेल्थकेयर कार्यक्रम सञ्चालन,

४. उप-मेयरसँग लक्षितवर्ग शसक्तिकरण कार्यक्रम सञ्चालन,

५. सामाजिक सुरक्षा भत्ता घर आँगनमा वितरण,

६. उच्च शिक्षा अध्यायनका लागि मेयर छात्रवृत्ति कार्यक्रम,

७. रास्कोट अस्पताल बाट विशेषज्ञ सेवा सञ्चालनमा ल्याईने छ,

८. रास्कोट बुहुमुखी क्याम्पस सञ्चालन,

९. वातावरण संरक्षणका लागि रास्कोट नगरपालिको लोगो सहितको झोला वितरण,

१०.रास्कोट कोशेली घर स्थापना,

११.एक घर एक धारा खानेपानी अभियान,

१२.पर्यटन प्रर्वधनका लागि होमस्टे सञ्चालन,

१३.नागरीक निर्जिवन दुर्घटना बिमा कार्यक्रमको निरन्तरता,

१४.भौतिक पूर्वाधारको स्तरउन्नती।

१५.आर.सी.पी बजारको व्यवस्थापन तथा विस्त्रृत सर्वेक्षण,

१६.रास्कोट नगरपालिकाको पहिचान सहितको लोगो कायम गर्ने,

१७.प्रशासन संयन्त्र र जनशक्तिको कार्यदक्षता वढाउन प्रशासनिक व्यवस्थापन र क्षमता विकास गराउने,

१८.बजेटका उद्देश्य हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार, कर्णाली प्रदेश सरकार र निजि क्षेत्रसंग लागत साझेदारीका आधारमा सहकार्य गरिनेछ,

१९.कृषि आधुनिकीरण तथा व्यवशायीकीकरण र हाइटेक नर्सरीलाई सञ्चालनमा ल्याईने छ ।

विकास निर्माणका कामहरुमा जनसहभागिता अभिवृद्धि गरी गुणस्तरीय कार्य सम्पादन र सामाजिक उत्तरदायित्व वहन गर्ने प्रवृत्तिमा सुधार गरिनेछ ।

विकासको साध्य समृद्धि हो । विकास गर्नु नै हाम्रो अन्तिम गन्तव्य हो । विकास जनताका लागि जनताको चाहानाको आधारमा गर्नु नै लोकतन्त्रको मर्म हो । लोकतान्त्रिक मुल्य मान्यता अनुसार विकासको अभियानमा रास्कोट नगरपालिका सवैको सहयोगमा उत्साहपूर्ण रुपमा समृद्धिको यात्रामा अविरल रुपमा अघि वढिरहनेछ ।

सार्वजनिक प्रशासनलाई श्रोत र साधन सम्पन्न वनाई जनताको विकास, सेवा र सुविधालाई अझ प्रभावकारी, दिगो र भरपर्दो बनाईनेछ ।

रास्कोटको कर प्रणाली लगायत शुल्क र दस्तुरहरुलाई आवश्यक नीति, नियम र कानुन मार्फत व्यवस्थित बनाई रास्कोटको स्थानीय सञ्चित कोषलाई अझ मजवुद वनाउँदै स्वावलम्वी रास्कोट वनाउन प्रयास गरिनेछ ।

सामाजिक परिचालनका लागि लागत साझेदारीमा काम गर्न चाहने गैर सरकारी संस्थासंगको सहकार्यमा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

लक्षित वर्गको शसक्तिकरणका लागि तिनीहरुको आर्थिक, सामाजिक, मानसिक, शारीरिक र साँस्कृतिक विकासलाई टेवा पुग्ने खालका कार्यक्रम र अभियानहरु सञ्चालन गरिनेछ, साथै लक्षित वर्ग मैत्री विकासको अवधारणा स्थापित गरिनेछ ।

समानता कायम गर्न पछि परेको वर्गलाई सकारात्मक विभेद गरी समतामुलक व्यवहार अपनाउदै त्यस्तो वर्गको शसक्तिकरणमा जोड दिईनेछ ।

जनताको जीवनस्तर सुधार गर्न विभिन्न सिपमुलक तालिम सञ्चालनका साथै अन्य रोजगारीका अवसरहरु सृजना गर्न सरकार लागि पर्नेछ ।

नगरपालिकाका युवाहरुलाई स्वरोजगार बनाउने प्रकारका क्रियाकलाप सञ्चालन गरी युवा पलायनको अवस्थालाई न्युनीकरण गर्ने नीति अंगिकार गरिनेछ ।

नगरपालिकाको समग्र विकासका लागि विषयगत कार्यालयहरुको क्षमता अभिबृद्धि गरिनुका साथै कृषि भेटेनरी जस्ता विषयगत कार्यालयहरु मार्फत विशेष कार्यक्रम सञ्चालन गरि गरिवी न्युनिकरण गर्न पहल गरिनेछ ।

सार्वजनिक चासो र सरकारी कार्यालयको गतिविधि र सूचनालाई आम नागरिकको पहुँचमा राखी सूचनाको हक प्रत्याभूति गरिनेछ ।

विभिन्न कला, संस्कृति र साहित्यको विकासका लागि आवश्यक योजना तयार गरि कला प्रेमी र साहित्य प्रेमीहरुलाई प्रोत्साहित गरिनेछ ।

रास्कोटका नागरिकलाई उद्यमशील र उत्पादनशील बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।

प्रदेश सरकार र संघीय सरकारसँग हाम्रो कार्यक्षमताको र विशिष्टताको आधारमा विकासका लागि थप कार्यक्रम माग गर्न आवश्यक पहल गरिनेछ ।

अध्यक्ष महोदय,

"स्वास्थ्य, शिक्षा, कृषि, पशु, ,संञ्चार, पर्यटन र पूर्वाधार,
स्वच्छ,समुन्नत रास्कोट नगरपालिकाको समृद्धिको मूल आधार"
अब म सम्मानित सभा समक्ष आगामी आ.व. २०७९।०८० को योजना तथा बजेट पेश गर्ने अनुमति चाहान्छु ।

## बित्तिय समानिकरण र आन्तरिक श्रोतको खर्चको अनुमानित विवरणः-

### आर्थिक विकासः कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र

१. रास्कोटमा नगर बस सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
२. कृषि उद्यमलाई प्रोत्साहन गर्न समुदायमा आधारित उत्पादनमूलक बजार व्यवस्थापन गर्ने, नगरस्तरीय विक्रि केन्द्रहरुको स्थापना र सञ्चालन गर्ने साथै उत्कृष्ट कृषकलाई प्रोत्साहन गरी युवा पीडिलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. आर्थिक विकासमा कृषि क्षेत्रको योगदानलाई वृद्धि गर्न कृषि क्षेत्रको विविधिकरण, व्यवसायिकरण र आधुनिकीकरण गर्दै लैजाने नीति लिइनेछ । विभिन्न खेतीहरुको जोन र पकेट क्षेत्र अनुसार कार्यक्रमहरु सञ्चालन गर्ने, कृषि क्षेत्रमा यान्त्रिकरण गर्दै उत्पादनको लागत न्यूनीकरण गरी कृषि उत्पादनलाई प्रतिस्पर्धात्मक बनाईनेछ । एक घर एक करेसाबारी अभियानकारुपमा सञ्चालन गरिनेछ । यसकालागि आवश्यक  रकम विनियोजन गरेको छु ।
४. बाँझो रहेका जग्गा तथा परम्परागत निर्वाहमुखी खेती भएका जग्गामा आधुनिक व्यवसायिक खेतीका लागि "भूमी बैंक" को अवधारणा बमोजिम खेतीयोग्य जमिनको सूचीकरण गरी युवाहरुलाई कृषि उद्यममा लगाउने कार्यक्रम सञ्चालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।
५. दुग्ध उत्पादनलाई प्रोत्साहन गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्यमा डेरी संचालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।
६. नगरपालिका भित्रका वित्तिय सस्थाहरुसँग सहकार्य गरी लघु, घरेलु तथा साना उद्यमीहरुलाई स्वरोजगार बन्न प्रेरित गरिनेछ । स्थानीय कच्चा पदार्थ तथा सीपमा आधारित श्रममूलक उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।
७. सहकारी मार्फत वित्तीय अभियान संचालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।
८. **आर्थिक विकासः कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र तर्फ रु.१ करोड ५३ लाख रकम विनियोजन गरेको छु ।**

**सामाजिक विकासः शिक्षा, खेलकुद, संस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

९. आधारभुत शिक्षामा सबैको पहुचको राष्ट्रिय नीतिलाई टेवा पुर्‍याउनका लागि शिक्षामा विशेष सहयोग पुर्‍याउन रास्कोट गुणस्तरीय शिक्षाको लागि शैक्षिक क्रान्तिका कार्यक्रमलाई अगाडी बढाईने छ । रास्कोट बहुमुखी क्याम्पस सञ्चालनमा ल्याईने छ । यसकालागि आवश्यक रकम विनियोजन गरेको छु ।

१०. उच्चस्तरीय तथा गुणस्तरीय शिक्षामा दद्धपीडित,सहिद परिवारका सन्तती र विपन्न परिवारको समेत पहुँच स्थापना गर्ने विपन्न तथा दलित छात्र छात्रालाई उच्च प्राविधिक शिक्षामा छात्रवृतिका कार्यक्रमहरु सञ्चालन गर्न कोष खडा गरी कार्यान्वयनमा ल्याइनेछ । यसकालागि आवश्यक रकम विनियोजन गरेको छु ।

११. विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको व्यवस्था गरी सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वृद्धि गर्ने व्यवस्था मिलाएको छु । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. प्रविधिमा आधारित विद्युतीय शिक्षण प्रणाली लागू गरीनेछ ।

१३. नगरपालिका भित्र स्वच्छ र सुलभ खानेपानीको आपुर्तीलाई प्राथमिकतामा राखिनेछ । रास्कोट वृहत खानेपानी आयोजनालाई निरन्तरता दिँदै यस वर्ष एक घर एक धारा कार्यक्रमलाई विस्तार गरिनेछ । यसकालागि आवश्यक रकम विनियोजन गरेको छु ।

१४. नगरपालिकाका सडक किनारा,विद्यालय,स्वास्थ्य, खोलाका कोरिडोरहरु र खाली सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरी “हरित शहर” निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. स्वास्थ्यलाई नगरबासीहरुको आधारभूत हकको रुपमा स्थापना गर्ने नीतिको निरन्तरता दिदै स्वास्थ्यमा सबैको पहुँच विस्तार गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ । रास्कोट अस्पतालमा विशेषज्ञ सेवा सहित मानव श्रोत तथा उपकरण सहितको स्तरोन्नती गरिनेछ । यसका लागि आवश्यक रकम व्यावस्था गरेको छु ।

१६. नगर भित्रका युवा, बालबालिका, महिला तथा किशोर किशोरीहरुलाई लागू औषध दुर्व्यसनी, घरेलु तथा यौनजन्य हिंसा, बाल अधिकार तथा महिलाको हक सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१७. नगरका सम्पूर्ण नागरिकहरुमा सकारात्मक सोचको विकास गर्नका लागि टोल टोलमा जिवन रुपान्तरण सम्वन्धी अभियान संचालन गरिनेछ । यसकालागि आवश्यक वजेटको व्यावस्था गरेको छु ।

१८. लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रत्याभूत गर्न महिला, बालबालिका, दलित, जनजाती, अपाङ्ग, असहाय, पिछडिएको वर्ग, भूमिहिन, जेष्ठ नागरिक, एकल महिला तथा विपन्न वर्गहरुको आवश्यकता अनुसार संरक्षण र सशक्तिकरणमा विशेष जोड दिइने छ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१९. दलित महिला लगायतका महिलाहरुलाई व्यवसायिक सीप विकास गरी उद्यमी बनाउन आयमुलक, सीपमुलक तालिम प्रदान गरी आय आर्जनमा वृद्धि गरी स्वरोजगार, आत्मनिर्भर हुने गरी सशक्तिकरणमा जोड दिइनेछ । भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने तथा अपाङ्ग व्यक्तिहरुको लागि सशक्तिकरण गर्ने नीति लिईनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

जेष्ठ नागरिक भत्ता लगायतका सामाजिक सुरक्षाका कार्यक्रमलाई बैंकिङ प्रणालीबाट वितरण गरिने कार्यलाई निरन्तरता दिइ सामाजिक सुरक्षा भत्तालाइ घरदैलोमा वितरण गर्ने पर्यत्न गरिने छ । सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गर्न संघीय सरकारसँगको समन्वयमा अभियानमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सामाजिक विकासः शिक्षा, खेलकुद, संस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण तर्फ-रु ५ करोड ८० लाख रकम विनियोजन गरेको छु ।**

**श्रममा आधारित,हरित पुर्नरलाभ तथा समावेशी पूर्वाधार विकासः उर्जा, सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास**

२०. वडा नं. १ देखि ९ सम्म ट्र्याक खोलिइसकेका सडकहरुको स्तरोन्नती गर्ने व्यवस्था मिलाएको छु । यसकालागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२१. नगरपालिकाको चक्रपथ निर्माण तथा नगर भित्रका सहायक सडकहरुलाई मुख्य सडक सञ्जालसंग जोड्ने कार्यलाई प्राथामिकता दिइनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२२. थोल्म गगने हुदै तामाकोट सम्मको सडक लाई चक्रपथको अवधारणा सहित स्तर उन्नतीको लागि स्थानीय पूर्वाधार विकास कार्यक्रम सँग साझेदारी गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२३. जल उत्पन्न प्रकोप नियन्त्रणका लागि रास्कोट नगरभित्रका बाढी तथा पहिरो जोखिम क्षेत्रका खोला तथा खहरेमा तटबन्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । जसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२४. आर.सी.पी देखी रास्कोट गौँतुकोट हुदै सेरासम्म कृषि सडक रा.न.पा-५ को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. फुकु देखि गगने हुँदै तामाकोट सम्म कृषि सडक को लागि बजेट विनियोजन गरेको छु ।

२६. कालाढुंगा तटबन्धन रा.न.पा-३को लागि बजेटको व्यवस्था गरेको छु ।

२७. पनेरी कुलो रा.न.पा-९ को लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२८. राताढुंगा देखि च्याउँतोला कृषि सडक रा.न.पा-८ को लागि बजेटको व्यवस्था गरेको छु ।

२९. **पूर्वाधार विकासः उर्जा, सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास तर्फ रु.६ करोड ३३ लाख रकम विनियोजन गरेको छु ।**

**संस्थागत विकास सेवा प्रवाह र सुशासनः सामान्य सेवा प्रवाह, सुशासन, सूचना प्रविधिको विकास र तथ्यांक व्यवस्थापन।**

३०. समय समयमा वडाहरुमा घुम्ती सेवा टोली मार्फत जेष्ठ नागरिक परिचयपत्र तथा अपाङ्ग परिचय पत्र वितरण कार्यलाई विस्तार र प्रभावकारी गराईनेछ। यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु।

३१. सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउन सेवा प्रवाहका सबै सम्भावनाहरु लाइ खुला गरी जनशक्ति व्यवस्थापन र इन्टरनेटको क्षमता विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३२. रास्कोट नगरपालिका स्थित प्रत्येक सेवा प्रदायक संस्थाहरुमा नागरिक वडापत्र र सुझाब पेटीका व्यवस्थापन गरि प्रभावकारी कार्यान्वयनका लागि एक संयन्त्र निर्माण गरिने छ। जसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**संस्थागत विकास सेवा प्रवाह र सुशासनः सामान्य सेवा प्रवाह, सुशासन, सूचना प्रविधिको विकास र तथ्यांक व्यवस्थापनको लागि रु ५० लाख रकम विनियोजन गरेको छु।**

**बन तथा वातावरणः**

३३. जलवायु परिर्वतनको असरलाइ न्यूनिकरण गर्न संघीय सरकार,प्रदेश सरकार,विभिन्न दातृसंघ संस्था सँग साझेदारी गर्दै वनक्षेत्रको संरक्षण गर्न वृक्षारोपणका कार्यक्र र आवश्यक जनचेतनामुलक कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३४. कार्वन व्यापर लाई निरन्तरता दिइने छ।

**बन तथा वातावरण तर्फ रु.१० लाख रकम विनियोजन गरेको छु।**

**विपद् व्यवस्थापनः**

३५. आ.व २०७९/०८० मा विपद् नियन्त्रण,रोकथाम,पर्वतयारी र प्रतिकार्यको लागि रु.६० लाख बजेट विनियोजन गरेको छु।

३६. **संघीय शर्सत अनुदान तर्फको खर्च विवरणः**

रु.हजारमा

| | जम्मा |
|---|---|
| सशर्त अनुदान (चालु ) | १७,२६,०० |
| कृ ष वभाग | २०,०० |
| | ४,८० |
| कृ ष स्नातक करार | ४,८० |

| | |
|---|---|
| | १५,२० |
| खायन आलु उत्पादन कार्यक्रम | १५,२० |
| सबैका ला ग  शक्षा- आधारभूत तह | **५,१०,००** |
| | ५,१०,०० |
| आधारभूत तहका स्वीकृत दरवन्दीका  शक्षक, राहत अनुदान  शक्षकका ला ग तलब भत्ता अनुदान ( वशेष  शक्षा परिषद अन्तरगतका  शक्षक/कर्मचारीहरु समेत) | ५,१०,०० |
| माध्या मक तह | **१,५४,००** |
| | १,५४,०० |
| माध्य मक तहका स्वीकृत दरवन्दीका  शक्षक, राहत अनुदान  शक्षक ला ग तलब भत्ता अनुदान ( वशेष  शक्षा परिषद अन्तरगतका  शक्षक/कर्मचारी,प्रा व धक धारका प्र शक्षक समेत) | १,५४,०० |
| वद्यालय क्षेत्र  वकास कार्यक्रम- जिल्ला स्तर | **५,३१,००** |
| | ५,३१,०० |
| प्रारम्भिक बाल  वकास सहजकर्ताहरुको पारिश्र मक तथा  वद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ९,४१ |
| प्रारम्भिक बाल  वकास सहजकर्ताहरुको पारिश्र मक तथा  वद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १९,१५ |
| प्रारम्भिक बाल  वकास सहजकर्ताहरुको पारिश्र मक तथा  वद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ५२,८४ |
| सार्वजनिक  वद्यालयका  वद्यार्थीहरुका ला ग निशुल्क पाठ्यपुस्तक अनुदान | ४,८८ |
| सार्वजनिक  वद्यालयका  वद्यार्थीहरुका ला ग निशुल्क पाठ्यपुस्तक अनुदान | २७,४१ |
| सार्वजनिक  वद्यालयका  वद्यार्थीहरुका ला ग निशुल्क पाठ्यपुस्तक अनुदान | ९,९४ |

| | |
|---|---|
| तो कएका  वद्यार्थीको दिवा खाजाका ला ग  वद्यालयलाई अनुदान | १,१४,९४ |
| तो कएका  वद्यार्थीको दिवा खाजाका ला ग  वद्यालयलाई अनुदान | २०,०४ |
| तो कएका  वद्यार्थीको दिवा खाजाका ला ग  वद्यालयलाई अनुदान | ४१,५५ |
| वद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १६,०२ |
| वद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ५,८० |
| वद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २,८५ |
| शै क्षक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक  शक्षा कार्यक्रम (परम्परागत  वद्यालय, वैकल्पिक  वद्यालय, साक्षरता र निरन्तर  शक्षाका कार्यक्रम समेत) | १,४१ |
| शै क्षक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक  शक्षा कार्यक्रम (परम्परागत  वद्यालय, वैकल्पिक  वद्यालय, साक्षरता र निरन्तर  शक्षाका कार्यक्रम समेत) | ६९ |
| शै क्षक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक  शक्षा कार्यक्रम (परम्परागत  वद्यालय, वैकल्पिक  वद्यालय, साक्षरता र निरन्तर  शक्षाका कार्यक्रम समेत) | ३,९० |
| वद्यालयमा शै क्षक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ८,३८ |
| वद्यालयमा शै क्षक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ४७,०६ |
| वद्यालयमा शै क्षक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १७,०६ |
| सामुदायिक  वद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १२,४५ |
| सामुदायिक  वद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २,२२ |

| | |
|---|---|
| सामुदायिक वद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ४,५१ |
| माध्य मक तह कक्षा (९-१०) मा अंग्रेजी,ग णत र वज्ञान वषयमा शक्षण सहयोग अनुदान | २,१५ |
| माध्य मक तह कक्षा (९-१०) मा अंग्रेजी,ग णत र वज्ञान वषयमा शक्षण सहयोग अनुदान | ५,९२ |
| माध्य मक तह कक्षा (९-१०) मा अंग्रेजी,ग णत र वज्ञान वषयमा शक्षण सहयोग अनुदान | १,०५ |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,ग णत र वज्ञान वषयमा शक्षण सहयोग अनुदान | १६,४७ |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,ग णत र वज्ञान वषयमा शक्षण सहयोग अनुदान | ५,९७ |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,ग णत र वज्ञान वषयमा शक्षण सहयोग अनुदान | २,९३ |
| को भड-१९ बाट पुगेको शै क्षक क्षतिको परिपुरण तथा अन्य वपदको समयमा सकाइ निरन्तरताका ला ग कार्यक्रम | ३,२४ |
| को भड-१९ बाट पुगेको शै क्षक क्षतिको परिपुरण तथा अन्य वपदको समयमा सकाइ निरन्तरताका ला ग कार्यक्रम | ५८ |
| को भड-१९ बाट पुगेको शै क्षक क्षतिको परिपुरण तथा अन्य वपदको समयमा सकाइ निरन्तरताका ला ग कार्यक्रम | १,१८ |
| प्रति वद्यार्थी लागतका आधारमा सकाइ सामग्री तथा डजिटल सकाइ समाग्री व्यवस्थाका ला ग वद्यालयलाइ अनुदान | २,१० |
| प्रति वद्यार्थी लागतका आधारमा सकाइ सामग्री तथा डजिटल सकाइ समाग्री व्यवस्थाका ला ग वद्यालयलाइ अनुदान | ४,२७ |
| प्रति वद्यार्थी लागतका आधारमा सकाइ सामग्री तथा डजिटल सकाइ समाग्री व्यवस्थाका ला ग वद्यालयलाइ अनुदान | ११,७८ |

| | |
|---|---|
| सस्थागत क्षमता वकास,परीक्षा सञ्चालन एवम् वद्यार्थी मुल्याङ्कन | ४,८१ |
| सस्थागत क्षमता वकास,परीक्षा सञ्चालन एवम् वद्यार्थी मुल्याङ्कन | ८६ |
| सस्थागत क्षमता वकास,परीक्षा सञ्चालन एवम् वद्यार्थी मुल्याङ्कन | १,७४ |
| सार्वजनिक वद्यालयमा अध्ययनरत वद्यार्थीहरुका ला ग छात्रबृ त्त (आवासीय तथा गैरआवासीय) | २८,१६ |
| सार्वजनिक वद्यालयमा अध्ययनरत वद्यार्थीहरुका ला ग छात्रबृ त्त (आवासीय तथा गैरआवासीय) | ५,०१ |
| सार्वजनिक वद्यालयमा अध्ययनरत वद्यार्थीहरुका ला ग छात्रबृ त्त (आवासीय तथा गैरआवासीय) | १०,२७ |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण वभाग | **१०,००** |
| | १०,०० |
| एम. आई. एस. अपरेटर र फल्ड सहायको ला ग सञ्चार खर्च | ५ |
| मे शनरी आजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालानार्थ) | ६० |
| मसलन्द सामान खरिद (सेवा केन्द्र सञ्चालानार्थ) | १,२० |
| सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अ भयान सञ्चालान) | १,५० |
| वभागले उपलव्ध गराउने व ध/पद्दति अनुसार वडा स्तरबाट घटना दर्ता सप्ताह अ भयान सञ्चालन | १,३० |
| एम. आई. एस. अपरेटर र फल्ड सहायक पारिश्र मक, चाडपर्व खर्त तथा पोशाक खर्च | ४,२४ |
| एम. आई. एस. अपरेटर र फल्ड सहायक देनिक भ्रमण भत्ता/यातायात खर्च/ईन्धन | ६० |

| | |
|---|---|
| अन्य  व वध खर्च - आयोजना, सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी  व भन्न बैंठकको  चयापान लगायतको खर्च | ५१ |
| युवा रोजगारीका ला ग रुपान्तरण पहल परियोजना | **३९,००** |
| | ३९,०० |
| रोजगार सेवा केन्द्रको सँचालन खर्च | २,६५ |
| रोजगार सहायकको तलब | ३,९३ |
| रोजगार सहायको स्थानीय भत्ता | १,१६ |
| रोजगार सहायकको पोशाक भत्ता | १० |
| प्रा व धक सहायकको पोसाक | १० |
| प्रा व धक सहायकको तलव | ३,९३ |
| प्रा व धक सहायकको स्थानीय भत्ता | १,१६ |
| रोजगारी सृजना (आई. ड.ए.ì | २५,९७ |
| कृ ष  वकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | **१५,००** |
| | १५,०० |
| कृ ष तथा पशु सेवाका एक गाँउ एक प्रा व धकहरुको तलव भत्ता | ११,०० |
| कसान सूचीकरण कार्यक्रम | ३,०० |
| कृ ष, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्याव धक कार्यक्रम | १,०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | **१,०१,००** |
| | १,०१,०० |
| रोजगार संयोजकको तलव | ४,९४ |
| रोजगार संयोजकको स्थानीय भत्ता | १,७८ |
| रोजगार संयोजकको पोसाक | १० |
| रोजगारी सृजना (नेपाल सरकार) | ९४,१८ |
| लघु उद्यम  वकास कार्यक्रम | **३०,००** |
| | ३०,०० |

| | |
|---|---|
| सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद् ध गर्नका ला ग कम्तिमा ५ जनाको समुहमा प्रबि ध हस्तान्तरण | १,४० |
| गरिबी निवारणका ला ग लघु उद्यम वकास कार्यक्रम संचालन निर्दे शका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप वकास ता लम कार्यक्रम) | ४,८० |
| गरिबी निवारणका ला ग लघु उद्यम वकास कार्यक्रम संचालन निर्दे शका, २०७७ बमोजिम लघु उद्यम वकास मोडेलमा नयाँ लघु उद्यमी सर्जना गर्ने | २३,८० |
| राष्ट्रिय खेलकुद परिषद् | **१,००** |
| | १,०० |
| राष्ट्रपति रनिङ्ग सल्ड प्रतियो गता (स्थानीय तहस्तरीय) | १,०० |
| प्रधानमन्त्री कृ ष आधुनि ककरण परियोजना | **२५,००** |
| | २५,०० |
| आ.व. 2078/79 मा स्थापना भएको दलहन बाली पकेट वकास कार्यक्रमको निरन्तरता | ६,०० |
| आ.व. 2078/79 मा स्थापना भएको बाख्रा पकेट वकास कार्यक्रमको निरन्तरता | ७,०० |
| आ.व. 207९/८० मा नयाँ स्याउ/ओखर पकेट वकास कार्यक्रम सञ्चालन | १२,०० |
| बहुक्षेत्रीय पोषण कार्यक्रम | **१७,००** |
| | १७,०० |
| पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृ ष, पशुसेवा, महिला तथा बालबा लका, शक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | ४,५० |

| | |
|---|---|
| पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृ ष, पशुसेवा, महिला तथा बालबा लका, शक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | ४,७५ |
| पोपण वशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | १,५० |
| पोषण सुधारको ला ग वपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई वपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | ६,२५ |
| पशु सेवा वभाग | **८,००** |
| | ८,०० |
| इ पडे मयोलोजिकल रिपोर्टिङ्ग | २० |
| पशु सेवा वभाग र प्रादे शक निकायमा पशुपन्छी तथ्यांक तथा पशु सेवाका कार्यक्रमको प्रगति रिपोर्टिङ | २० |
| एक पा लका एक भेटेरिनरी डाक्टर | ४,५० |
| कृत्रिम गर्भाधान मसन कार्यक्रम | ३,०० |
| पशुपन्छी रोगको अन्वेषण, नमुना सङ्कलन तथा प्रेषण | १० |
| परिवार कल्याण कार्यक्रम | **७६,००** |
| | ७१,०० |
| मातृ तथा नव शशु कार्यक्रम संन्चालन | १८,२१ |
| को भड १९ वरुद्ध खोप अ भयान तथा बुस्टर खोप समेत संचालन ब्यवस्थापन खर्च (पा लकास्तरिय योजना र पा लका तथा स्वास्थ्य सस्था स्तरिय सुपरिवेक्षण) | २,८१ |

| | |
|---|---|
| नियमत खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपनाको लाग सुक्ष्मयोजना अद्यावधक २ दिन र सरसफाई प्रबद्र्धन प्याकेज पुर्नताजगी तालम १ दिन गरी ३ दिन एवं पूर्णखोप न.पा., गा.पा. सुनिश्चितताको लाग स्थानिय तह, वडा, खोप समन्वय समती तथा नवनिवार्चत जनप्रतिनिधहरुको अभमुखकरण, स्वास्थ्यकर्मबाट वडामा घरधुरी सर्वेक्षण, पालकाबाट वडा भेरि फकेसन, अनुगमन तथा घोषणा सभा व्यवस्थापन घोषणा बांकीमा घोषणा तथा घोषणा भएकामा दिगोपना कायम गर्ने व्यवस्थापन खर्च | १,७६ |
| प्रजनन् रुग्णता स्वास्थ्य सेवा | ८० |
| परिवार नियोजन कशोर कशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | २,८० |
| पोषण कार्यक्रम | ३,१३ |
| मातृ तथा नव शशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | ४१,४९ |
| | ५,०० |
| CBIMNCI कार्यक्रम (कार्यक्रम समक्षा, स्थलगत अनुशक्षण, समता तथा पहुच कार्यक्रम) | ५,०० |
| क्षयरोग नियन्त्रण | **२,००** |
| | २,०० |
| आकस्मिक अवस्थामा औसधएवं ल्याब सामाग्री ढुवानी, रेकर्डङ तथा रिपोर्टिङका लाग फर्म फरमेट छपाइ, ई-टि.बि रजिस्टरअध्यावधक, वश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम, स्थलगत अनुशक्षण तथा सुपरिवेक्षण, क्षयरोगका कार्यक्रमको अर्धबार्षक समक्षा तथा कोहर्ट वश्लेषण | १,१४ |

| | |
|---|---|
| क्षयरोगका जो खम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम। घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण, एवं पाँच वर्ष मुनिका बालबा लमा क्षयरोग रोकथाम सम्बन्धी टी. प.टी. कार्यक्रम | ८६ |
| महामारी रोग नियन्त्रण कार्यक्रम | **२,००** |
| | २,०० |
| वश्व औलो दिवस मनाउने, कटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा कटजन्य रोग नियन्त्रणका ला ग बहुनिकाय अन्तर क्रया गर्ने तथा Active Case Detection (औलो र कालाजार) | १,३० |
| को भड १९ लगायत व भन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका ला ग सरोकारवाला सँगको अन्तर क्रया तथा RRT, स्वास्थ्यकर्मी परिचालन | ५० |
| पशुपंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सष्टिसर्को सस, टक्सोप्लाज्मो सस आदि व भन्न सरुवारोग सम्बन्धि रोकथाम तथा नियन्त्रणका ला ग सचेतना कार्यक्रम | २० |
| न र्सङ तथा सामाज क सुरक्षा सेवा र्कायक्रम | **८,००** |
| | ८,०० |
| राष्ट्रिय महिला स्वास्थ्य स्वयंसे वका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, वा र्षक स मक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत) | ८,०० |
| प्राथ मक स्वास्थ्य सेवा | **१,२१,००** |
| | १,२१,०० |
| स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत | १,२१,०० |
| उपचारात्मक सेवा कार्यक्रम | **१७,००** |

| | |
|---|---|
| | १७,०० |
| आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको ला ग औष ध खरिद | १४,६५ |
| स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अ भमुखीकरण, स मक्षा, फलो अप , अनुगमन तथा सुदृ धकरण समेत ) | १,३५ |
| आँखा, नाक, कान, घांटी तथा मुख स्वास्थ्य सम्वन्धि अ भमुखीकरण | १,०० |
| स्वास्थ्य ब्यवस्थापन कार्यक्रम | **३,००** |
| | ३,०० |
| पा लका स्तरमा स्वास्थ्य संस्थाहरुको मा सक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरि फकेशन एवं गुणस्तर सुधार साथै अर्धबा र्षक एवं बा र्षक स मक्षा | १,१५ |
| स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रम | ६५ |
| को भड १९ को भ्याक्सिनको डजिटाइजेशन तथा क्यू आर कोड प्रमा णकरण | १,२० |
| राष्ट्रिय स्वास्थ्य शक्षा, सूचना तथा संचार केन्द्र | **१,००** |
| | १,०० |
| वद्यालय स्वास्थ्य शक्षा/आमा समूह तथा महिला स्वास्थ्य स्वयं से वकाहरुका ला ग सामाजिक ब्यवहार परिवर्तन कार्यक्रम | ७५ |
| सुर्तिजन्य पदार्थ तथा मध्यपान सेवनको न्यूनिकरण सम्बन्धी संचार कार्यक्रम | २५ |
| आयुर्वेद सेवा कार्यक्रम | **३५,००** |
| | ३५,०० |
| औषधालयको तलब, भत्ता, संचालन खर्च तथा कार्यक्रम बजेट | ३५,०० |
| समपुरक अनुदान | **७०,००** |
| | **७०,००** |

| | |
|---|---|
| | ७०,०० |
| वडा कार्यालय भवन निर्माण । | ७०,०० |
| सशर्त अनुदान ( पुँजीगत) | **२,२२,००** |
| आवास व्यवस्था कार्यक्रम | **४१,००** |
| | ४१,०० |
| सुर क्षत नागरिक आवास कार्यक्रम :- कर्णाली प्रदेशको का लकोट जिल्ला क्षेत्र नं. १ अन्तर्गत रास्कोट नगरपा लका- १2६ वटा (क्रमागत) | ४१,०० |
| वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर | **१,०१,००** |
| | १,०१,०० |
| केन्द्रबाट छनौट भएका नमुना वद्यालय, वशेष वद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्रा व धक धार वद्यालयको ल्याव व्यवस्थापन अनुदान | ६५,०० |
| केन्द्रबाट छनौट भएका नमुना वद्यालय, वशेष वद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्रा व धक धार वद्यालयको ल्याव व्यवस्थापन अनुदान | २४,०० |
| केन्द्रबाट छनौट भएका नमुना वद्यालय, वशेष वद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्रा व धक धार वद्यालयको ल्याव व्यवस्थापन अनुदान | १२,०० |
| युवा रोजगारीका ला ग रुपान्तरण पहल परियोजना | **३,००** |
| | ३,०० |
| रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर, फर्निचर फक्चर्स, क्यामरा, अन्य वद्युतीय उपकरण) | ३,०० |
| परिवार कल्याण कार्यक्रम | **४,००** |
| | ४,०० |

| | |
|---|---|
| Inj.Oxytocin भण्डारणका लागी ILR Refrigerator खरीद | ४,०० |
| खानेपानी सेवा  वस्तार तथा पुनर्स्थापना कार्यक्रम | **३,००** |
| | ३,०० |
| वृहत खानेपानी आयोजना, रास्कोट न.पा वडा नं ८ (का लकोट) | ३,०० |
| राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | **१२,००** |
| | १२,०० |
| नवीकरणीय ऊर्जा प्रव ध जडान (वायोग्याँस/वद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) | १२,०० |
| संस्कृति प्रवर्द्धन कार्यक्रम | **८,००** |
| | ८,०० |
| धलपुरो मन्दिर निर्माण रास्कोट नपा ८ का लकोट | ८,०० |
| झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | **४२,००** |
| | ४२,०० |
| घट्टे खोला घट्टेचौर झो.पु. रास्कोट-१, गड्याखोला, छेत्तडी झो.पु, रास्कोट नगरपा लका, का लकोट | ४२,०० |
| राष्ट्रिय खेलकुद परिषद् | **८,००** |
| | ८,०० |
| खेलकुद पूर्वाधार निर्माण | ८,०० |
| वशेष अनुदान (पुँजीगत ) | **१,२५,००** |
| | **१,२५,००** |
| | १,२५,०० |
| गुणस्तरिय  शक्षा कार्यक्रम | १,२५,०० |

**संघीय राजश्व तर्फः७ करोड ३० लाख ७७ हजार विनियोजन गरिएको छ।**

**प्रदेश समानीकरण खर्चः**

**प्रदेश समानीकरण बाट प्राप्त रु.** १,१३,८९,०००।– विनियोजन गरेको छु।

प्रदेश विशेष अनुदान केतुकी प्रसोधन रा.न.पा ८ मा रु. ५०,००,०००(पचास लाख ) विनियोजन गरिएको छ।

प्रदेश शर्सत अनुदान(रोजगार कर्मचारी,महिला स्वस्थ्य स्वयंसेविका र स्वस्थ्य इकाइ) को लागि ४९ लाख ९० हजार बजेट विनियोजन गरिएको छ।

प्रदेश शर्सत पूंजिगत(मुख्यमन्त्री रोगार)को लागि रु २ करोड ५ लाख विनियोजन गरिएको छ।

प्रदेश समपुरक अनुदान(रास्कोट वृहत खानेपानीको लागी)रु १ करोड विनियोजन गरिएको छ।

३७. अन्तमा, नगरपालिकाले आगामी आर्थिक बर्षमा सञ्चालन गर्न लागेका वार्षिक योजना तथा कार्यक्रमहरुमा सिर्जनात्मक सल्लाह सुझाव तथा कार्यान्वयनमा सहयोग र सहभागिताका लागि समस्त नगरबासीहरुमा हार्दिक अनुरोध गर्दछु र समृद्ध रास्कोट नगरपालिका निर्माण गर्ने अभियानमा सबैको योगदानको अपेक्षा समेत गर्दछु। धन्यवाद। नमस्कार।